**कोरोना भाइरससम्बन्धी गण्डकी प्रदेशको अवस्था**
**कास्की । ०७७ वैशाख १९ गते**
कोरोना भाइरसको रोकथाम र न्यूनिकरणको लागि गण्डकी प्रदेशको जिल्ला स्तरमा गरिएका प्रयासको बारेमा इन्सेक जिल्ला प्रतिनिधिहरूबाट वैशाख १९ गते प्राप्त भएका सूचनाहरूको आधारमा जिल्लागत अवस्था विश्लेषण यस प्रकार रहेको छ ।

**इन्सेक कास्की जिल्ला प्रतिनिधि सुशन घिमिरेका** अनुसार वैशाख १९ गते गण्डकी प्रदेशमा कसैको पनि नमूना सङकलन गरिएको छैन । हालसम्म प्रदेशमा ६ सय २७ जनाको स्वाब परीक्षण गरिएकको छ भने ६ सय २५ जनाको परीक्षणको रिपोर्ट नेगेटिभ आएको छ र पोजेटिभ रिपोर्ट आएका दुई जना उपचारपछि घर फर्किसकेका छन् । प्रदेशमा वैशाख १९ गते ६४ जना र हालसम्म कुल ५ हजार ४ सय ७७ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट किटबाट कोरोना परीक्षण गरिएको छ ।

**इन्सेक तनहुँ जिल्ला प्रतिनिधि प्रकाशचन्द्र भट्टराई**का अनुसार बन्दाबन्दीको कारण समस्यामा परेका निम्न वर्गका नागरिकलाई स्थानीयतहले राहत वितरण सुरू गरेका छन् । वैशाख १९ गते अन्तराष्ट्रिय श्रमिक दिवसको अवसर पारेर बन्दिपुर गाउँपालिकाले राहत वितरण सुरू गरेको छ । बन्दिपुर गाउँपालिका-१ का वडा अध्यक्ष भानुभक्त पोखेललले वैशाख १९ गते श्रमिक दिवसको अवसर पारेर २८ ओटा परिवारलाई राहत वितरण गरेको बताउनुभयो । भानु नगरपालिकाले दैनिक उपभोग्य वस्तुको मुल्यवृद्धि गरेको उपभोक्ताले गुनासो गरेको भन्दै अनुगमन प्रभावकारी बनाइएको र मुल्यवृद्धि गरेको पाइए कारवाही गरिने जनाएको छ । प्रमुख प्रशासकीय अधिकृत राजेन्द्रदेव पाण्डेले कुनै पनि व्यापारीले मुल्यवृद्धि गरेको पाइए कारवाही गरिने बताउनुभएको छ ।

**इन्सेक बागलुङ जिल्ला प्रतिनिधि सिर्जना पन्त**का अनुसार पछिल्लो एक सातामा मात्रै १ हजार बढि मानिसहरू काठमाण्डौ, पोखरा, बुटवल, चितवन लगायतका क्षेत्रबाट जिल्ला हुँदै गाउँ भित्रिएका भएपनि जिल्लाभर अहिले ७५ जना मात्र स्थानीयतहले निर्माण गरेको क्वारेण्टाइनमा बसेका छन् । वैशाख १८ गते साँझसम्म विभिन्न स्थानबाट आएका ८५ जना मात्र क्वारेण्टाइनमा रहेको स्वास्थ्य कार्यालय बागलुङका प्रमुख सुरज गुरौले जानकारी दिनुभयो । उहाँका अनुसार बडिगाड गाउँपालिका , बागलुङ नगरपालिका, निसीखोला गाँउपालिका , जैमिनी नगरपालिका र बरेङ गाँउपालिकामा बनाइएका क्वारेण्टाइनमा राखिएका उनीहरू सबैको अवस्था सामान्य रहेको बताउनुभयो । जिल्लाका १० ओटै स्थानीयतहमा विभिन्न स्थानबाट आएकाहरूको ठुलो सङ्ख्या भने होम क्वारेण्टाइनमै बसेको जनप्रतिनिधिहरूले बताएका छन् । गत साता सांसद, नेता र जनप्रतिनिधिहरूको पहलमा विभिन्न स्थानमा महिनौदेखि अलपत्र परेका आफ्ना क्षेत्रका नागरिकलाई गाडीको व्यवस्था गरेर जिल्ला ल्याइएको थियो ।
धौलागिरी अस्पतालमा सर्वसाधरणको चाप बढ्न थालेपछि स्वास्थ्यकर्मीहरूले चिन्ता व्यक्त गर्न थालेका छन् । सरकारले २५ जना भन्दा बढी जम्मा नहुँने भनेपनि उपचारका क्रममा मृत्यु भएको शव यात्रामा सहभागीका नाममा सयौं व्यक्तिहरू अस्पताल आउँदा समस्या हुन थालेको छ । अस्पतालमा रोकिएको खोप सेवा पुनः सुचारु भए लगतै सेवा लिने तथा अन्य सामान्य प्रकारका बिरामीहरू समेत आउन थालेपछि अस्पतालमा चाप बढेको धौलागिरी अस्पतालका सूचना अधिकारी तीर्थ गौतमले जानकारी दिनुभयो । उहाँले खोप सेवाका लागि अस्पतालमा आमा र शिशुसँगै साथी पनि आउदा बस्ने ठाउँ समेत नभएको बताउनुभयो । अस्पतालले अत्यावश्यक सबै सेवा प्रदान गर्दै आएको भएपनि कोरोना

सङक्रमति बिरामीको उपचार चलिरहेको समयमा अन्य बिरामीको सङख्यामा कमी आएको भएपनि बिरामीहरू निको भएर घर फर्किएसँगै सर्वसाधरणहरू प्रेसर तथा सामान्य प्रकारको जाँचका लागि समेत अस्पताल आउन थालेपछि कोरोनाको जोखिम बढ्दै गएको छ । कोरोनाको जोखिम कायमै रहेको भन्दै सरकारले जारी राखेको लकडाउनकै समयमा अस्पतालमा अनावश्यक मानिसहरूको भीडभाड बढ्न थालेको हो । मृत्यु संस्कारका लागि सरकारले जम्मा १५ जना सहभागी हुन भनेपनि अस्पतालमा दिनहुँजसो उपचारका क्रममा तथा दुर्घटनाका कारण मृत्यु भएकाहरूको आफन्तहरूको भीडले समस्या भएको अस्पतालमा मेडिकल सुपरिटेण्डेण्ट डा. शैलेन्द्र बि पोखरेलले जानकारी दिनुभयो । कोरोनाका कारण पहिला आकस्मिक बाहेक अस्पतालमा अरू मानिस नआएपनि अहिले साधारण व्यक्तिहरू सोधपुछको नाममा अस्पताल आउँदा जटिल प्रकारका बिरामीहरूको उपचारमा समस्या हुन थालेको डाक्टरहरूले बताएका छन् ।

बागलुङ जिल्लामा जन्मेर प्रदेशका विभिन्न देशमा रहनुभएका नेपालीहरूले धौलागिरी अञ्चल अस्पताल बागलुङलाई १२ लाख रुपियाँ बराबरका स्वास्थ्य सुरक्षा सामग्री प्रदान गरेका छन् । अस्पताललाई १०५ पीपीइ सेट, थर्मल गन र मास्क लगायतका स्वास्थ्य सुरक्षा सामग्री प्रदान गरिएको हो ।

जिल्ला सहकारी सङघ लिमिटेड बागलुङले सुरक्षालाई प्राथमिकतामा राखेर अत्यावश्यक सेवा प्रवाह गर्न सदस्य सहकारी संस्थाहरूलाई आह्वान गरेको छ । वैशाख १९ गते बसेको जिल्ला सहकारी सङघको बैठकले कोरोनाका कारण सरकारले जारी गरेको लकडाउनमा स्वास्थ्य लगायत सुरक्षाको आवश्यक प्रबन्ध गरेर अति आवश्यक सेवा प्रवाह गर्न आह्वान गरेको हो । बागलुङ बजार क्षेत्रमा सञ्चालित अधिकांश सहकारी संस्थाहरूले आफ्ना सदस्यहरूलाई सेवा प्रवाह गर्दै आएका छन्, सेवा सञ्चालन नभएका सहकारीहरूले पनि आवश्यक व्यवस्थापनका साथ सेवा प्रवाह गर्ने सङघले जनाएको छ । विश्वमा देखिएको कोरोना नियन्त्रणमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले सञ्चालन गरेका अभियानहरूमा सहकारी क्षेत्रको साथ रहनुपर्ने निष्कर्षका साथ सङघले सहकारी सङघ संस्थाहरूलाई आफ्नो अवस्था अनुसार राज्यका निकायहरूसँग समन्वय गर्न आग्रह गरेको छ ।

**इन्सेक गोरखा जिल्ला प्रतिनिधि हरिराम उप्रेती**का अनुसार वैशाख १९ गते लकडाउन उल्लंघन गर्ने ३३ जनालाई कारवाही गरिएको छ । उनीहरूलाई सङक्रमण रोग ऐन, २०२० अनुसार १ सय रुपियाँ जरिवाना लिएपछि उनीहरूलाई छाडिएको एसपी ओम अधिकारीले बताउनुभयो । अनावश्यक काममा हिँड्डुल गर्ने ३३ जनालाई नियन्त्रणमा लिएर कोरोना सम्बन्धी सचेतनामुलक अनुशिक्षण समेत दिएको उहाँले बताउनुभयो ।

आरडीटी किटको परिक्षणमा कोरोना पोजेटिभ देखिएका पालुङटारकी महिला र आरुघाटको पुरूषको पीसीआर रिपोर्ट नेगेटिभ आएको छ । गोरखामा प्रत्येक स्थानीयतहमा पुगेर भारत लगायत तेस्रो मुलकबाट आउने व्यक्तिहरूको आरडीटी प्रविधि मार्फत कोरोना परीक्षण गरिएको छ ।

**इन्सेक नवलपरासी (बर्दाघाट सुस्ता पूर्व) जिल्ला प्रतिनिधि तिर्थराज डुम्रे**काअनुसार लकडाउनका कारण जिल्लामा रहेका नौ ओटा ईट्टा उद्योगमा काम गर्ने पाँच सय बढी भारतीय मजदुरहरू अलपत्र परेका छन् । लकडाउनका कारण कच्चा पदार्थ कोइलाको अभावका कारण ईट्टा उद्योगहरूमा उत्पादन बन्द भएपछि त्यहाँ कार्यरत पाँच सय बढी मजदुरहरू अलपत्र परेको इट्टा व्यवसायी सङघ नवलपुरका सचिव कृष्ण गौतमले बताउनुभयो । उत्पादन बन्द भएसँग नेपाल भित्र घर भएका मदजुर आआफ्नो घर गएको भएपनि भारतमा घर भएका मजदुरहरू घर जान नपाएको र उनीहरूलाई गत एक महिनादेखि ईट्टा उद्योगकै सञ्चालकहरूले पालनपोषण गरेर राखेको सचिव गौतमले जानकारी दिनुभयो ।

लकडाउनका कारण ती मजदुरहरू अहिले ईट्टा उद्योग भित्रै सुरक्षित रूपमा सेल्फ क्वारेण्टाइनमा बसेको छन् तर कतिपय ईट्टा उद्योगहरूमा १ सयदेखि २ सयसम्म मजदुरहरू रहेका कारण उनीहरूमा सामाजिक दुरी कायम गराउन समस्या देखिएको उद्योग सञ्चालकहरूले बताएका छन् । काम पनि नभएको र दैनिकी चलाउन समस्या भएका कारण घर जान चाहेपनि घर जान नपाएको मजदुरहरूले बताएका छन् । ईट्टा उद्योगमा भारतको उत्तर प्रदेश, बिहार लगायतका स्थानका भारतीय मजदुरहरूको सङख्या बढि छ । नेपाल भारत सीमा क्षेत्र नजिकै घर भएका कतिपय भारतीय मजदुरहरू लकडाउन भए लगत्तै साइकल र पैदलै घर गएको भएपनि यहाँ रहेको मजदुरहरू सीमाबाट पनि ३ सय देखि ७ सय किलोमिटर पैदल दुरी पार गर्नुपर्ने भएका कारण घर जान नसकेर अलपत्र परेका छन् । ईट्टा उद्योगमा काम गर्ने अधिकांश मजदुरहरू परिवारसहित उद्योगमा काम गर्छन् । काम बन्द भएको लामो समय हुँदा समेत घर फिर्कन नपाएपछि उनीहरूले क्रमश दैनिकी चलाउन समस्या हुनसक्ने गुनासो गरेका छन् ।

**इन्सेक पर्वत जिल्ला प्रतिनिधि सन्तोष थापा**का अनुसार बैशाख १९ गते जलजला गाउँपालिका क्षेत्रमा नै पुगेर सामान्य लक्षण देखिएका १६ जनाको आरडीटी किटबाट कोरोना परीक्षण गरिएको र सबैको रिपोर्ट नेगेटिभ आएको जिल्ला अस्पताल पर्वतका निमित्त मेडिकल सुपरिटेण्डेण्ट डा. शिशिर भण्डारीले जानकारी दिनुभयो । पर्वतको अस्थायी कोरोना अस्पतालको आइसोलेशनमा रहेका पाचँ जनाको पीसीआर प्रविधिबाट गरिएको स्वाब परीक्षणको रिपोर्ट नेगेटिभ आएपछि वैशाख १९ गते डिस्चार्ज गरिएको छ ।

**इन्सेक म्याग्दी जिल्ला प्रतिनिधि अमृत प्रसाद पौडेल**का अनुसार बेनीको कालीपुल र बेनी अस्पतालमा सेनेटाइजर टनेल स्थापना गरी सञ्चालन गरिएको छ । जिल्लामा मालिका गाउँपालिका र मङगला गाउँपालिकाले खाद्य बैंक सुरू गरेका छन् । उनीहरूले लकडाउन लम्बिएसँगै हुनसक्ने खाद्य सङकटलाई ध्यानमा राखेर खाद्यान्नहरू खाद्य बैकमा सङकलन गरेर राखेको स्थानीय जनप्रतिनिधिले बताएका छन् । उनीहरूले आगामी दिनमा आवश्यकता अनुरुप खाद्यान्न वितरण गर्ने जनाएका छन् ।
**इन्सेक गण्डकी प्रदेश कार्यालय, पोखरा**